सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ को उपदफा(३) तथा सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ को प्रयोजनार्थ सार्वजनिक गरिएको विवरण।

(२०८२ माघ देखि २०८२ चैत्रमसान्तसम्म)




नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर

## १.राष्ट्रिय यूवा परिषद्को स्वरुप र प्रकृति :

नेपालमा युवा विकासका लागि वि.सं. २०६६ सालमा पहिलो पटक र वि.सं. २०७२ मा परिमार्जित राष्ट्रिय युवा नीति २०७२ जारी गरियो । त्यसलाई प्रभावकारी रुपमा लागु गर्ने उद्देश्यले वि.सं. २०७२ सालमा युथ भिजन २०२५ तथा दशवर्षे रणनीतिक योजना जारी गरियो। यो दस्तावेज मिति २०७२/०६/१९ गते नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भएको थियो । यसरी नेपालमा पहिलो पटक युवा विकासका लागि सरकारी स्तरबाट तयार भएको ठोश कार्ययोजना सहितको दस्तावेजको रुपमा युथभिजन रहेको छ । यसको निर्माण गर्दा सरोकारवालाहरूसंग व्यापक छलफल, अन्तरक्रिया भएको र अत्यन्त सहभागितामूलक ढंगले निर्माण भएको थियो । यसरी राष्ट्रिय युवा नीति २०७२ र युथभिजन २०२५ तथा दशवर्षे रणनीतिक योजनामा परिलक्षित गरिएका युवालक्षित योजना र कार्यक्रमहरूलाई समस्त नेपाली युवाको विकास र परिचालनका लागि केन्द्रीय सरकारी निकायको रुपमा राष्ट्रिय युवा परिषद् ऐन २०७२ बमोजिम नेपाल सरकारले राष्ट्रिय युवा परिषद स्थापना गरेको हो । यस परिषदले नेपाल सरकारले स्वीकृत गरेका युवालक्षित कार्यक्रमको संघीय तह, प्रदेश तह र स्थानीय तहमा कार्यान्वयन तथा सोको लागि सहजीरकण गर्नुका साथै अन्य सरकारी तथा गैरसरकारी निकायहरूबाट सञ्चालित युवालक्षित कार्यक्रमहरूको समन्वय, सहकार्य र सहजीरकण गर्ने काम समेत गर्दछ। हाल यसको केन्द्रीय कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ । यसका शाखाहरू सबै जिल्लाहरूमा जिल्ला युवा समितिका कार्यालयहरू रहेका छन् । केही वर्षदेखि नेपाल संघीय ढाँचामा गइसकेपछि यसका संगठनात्मक ढाँचा र स्वरुपहरू परिवर्तन हुने क्रममा रहेका छन्। आगामी दिनमा केन्द्रमा राष्ट्रिय युवा परिषद, प्रदेश स्तरमा प्रदेश युवा परिषद्, र सबै स्थानीय तहमा स्थानीय युवा परिषदको रुपमा विकास गरिने र प्रत्येक वडा तहमा युवाक्लबहरूको गठन गरी युवाका गतिविधिहरू

सञ्चालन गर्ने यसका अंग तथा इकाइहरूलाई स्थानीय तहको वडा तथा गाउँ तहसम्म विस्तार गरिनेछ ।

यस निकायले तालिम तथा क्षमता विकास, युवा परिचालन सहभागिता र नेतृत्व विकास, गुणस्तरीय व्यवसायिक शिक्षा ,रोजगारी उधमशिलता सिपविकास, स्वास्थ्य रसामाजिक सुरक्षा खेलकुद र मनोरञ्जन,उद्यमशिलता वितिय शाक्षरता तालिम प्रदान, युवा मार्गदर्शन तथा परामर्श, स्वयंसेवक विकास तथा परिचालन, सञ्चार माध्यमसंग सहकार्य तथा समन्वय र प्रचारप्रसार ,युवा लक्षित फोटो भिडियो डकुमेन्टरी निमार्ण,Start up कार्यक्रमका लगि सहुलियतपूर्ण कर्जा सहजीकरण, नवप्रवर्तन तथा अनुसन्धान को सुविधा उपलव्ध, लोकतन्त्र, संसदीय अभ्यास सम्वन्धी क्षमता विकास, विभिन्न संसस्थासंग समन्वय,सहकार्य र सांझेदारी, वित्तिय शाक्षरता सम्वन्धी तालिम, युवा प्रतिभा खोजी र प्रोत्साहन कार्यक्रम, E-Library को सुविधा उपलव्ध, कम्प्यूटर ल्यावको उपलव्धता, यूवा उद्यम विकास कार्यक्रम लगायतका कार्य गर्ने प्रकृति रहेको छ।

## दूरदृष्टि

नेपाली युवालाई सबल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै राज्यका हरेक अंगमा सार्थक सहभागिता सुनिश्चित गरी नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउने ।

## दीर्घकालीन लक्ष्य

- युवाको नेतृत्व तथा क्षमता विकास
- उद्यमशिलताको विकास र स्वरोजगारयुवाको पहुँच र सहभागिताको सुनिश्चितता
- समृद्ध राष्ट्र निर्माण

## मान्यता

- स्वस्थ,कर्मठ र उद्यमी युवा

- अधिकार र कर्तव्य प्रति सचेत युवा
- समावेशी र सशक्त युवा
- नेतृत्वदायी र स्वाबलम्बी युवा

## उद्देश्य

- राष्ट्र निर्माण एवम् राष्ट्रिय विकासमा युवाको भूमिका र सम्भाव्यताको विकास र विस्तार गर्ने,
- युवावर्गमा सिर्जनशीलता, उद्यमशीलता तथा अन्वेषणात्मक क्षमताको विकास गरी राष्ट्रको आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरूमा रहेका क्षमता उजागर गर्ने,
- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारिरीक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुंसस्कृत, सिर्जनशील तथा व्यवसायिकरुपमा दक्ष युवा तयार गर्ने,आधारभूत शक्तिका रुपमा स्थापित गर्दै उनीहरूमा रहेका क्षमता उजागर गर्ने,
- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्दै युवाको शारिरीक, मानसिक, बौद्धिक, नैतिक तथा संवेगात्मक पक्षको समुचित विकास गरी उच्च मनोबलयुक्त, नैतिक, सुंसस्कृत, सिर्जनशील तथा व्यवसायिकरुपमा दक्ष युवा तयार गर्ने,
- युवाका आधारभूत अधिकारहरू सुनिश्चित गर्दै उत्पादनशील स्रोतहरूमा उनीहरूको पहुँच बढाएर राष्ट्रका राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एवम् कार्यान्वयनमा सहभागी गराउनुका साथै लैङ्गिक संवेदनशीलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमता विकास गरी युवालाई राष्ट्रिय विकासको संवाहक शक्तिका रुपमा स्थापित गर्ने,
- प्राथमिकता तथा विशेष प्राथमिकताको समुहका युवालाई सकारात्मक विभेदका माध्यमबाट सशक्त गरी विकासको मूल प्रवाहमा ल्याउने ।

## २.परिषद्को गठन, काम, कर्तव्य र अधिकार

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ को परिच्छेद ३ अन्तर्गतका दफा ५, ६ र ७ मा परिषद्को गठन तथा काम,कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ ।

दफा ५ मा परिषद्को गठन निम्नानुसार हुने व्यवस्था रहेको छः-

(क) युवा तथा खेलकुद मन्त्रालयका मन्त्री वा राज्यमन्त्री, - अध्यक्ष

(ख) नेपाल सरकारले नियुक्त गरेको व्यक्ति, - उपाध्यक्ष

(ग) सचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सचिव, उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ङ) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय - सदस्य

(च) सचिव, युवा तथा खेलकुद मन्त्रालय - सदस्य

(छ) सचिव, श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय- सदस्य

(ज) सचिव, शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(झ) सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - सदस्य

(ञ) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय - सदस्य

(ट) युवासम्बन्धी विभिन्न सङ्घ-संस्थाको प्रतिनिधित्व हुने गरी मनोनीतचारजना - सदस्य

(ठ) युवाका हकहितको संरक्षण र संवर्द्धनमा विशेष योगदान पुऱ्याएका युवाहरूबाट आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक समुदाय वा पिछडिएको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी मनोनीत पन्ध्रजना -सदस्य (ड) उद्योग, श्रम, कृषि, खेलकुद, विज्ञान प्रविधि तथा वातावरण, साहित्य तथा कलाको क्षेत्रबाट प्रतिनिधित्व हुने गरी मनोनीत छ जना
-सदस्य

(ढ) परिषद्का वरिष्ठतम कर्मचारी सदस्य-सचिव

दफा ६ र ७ मा सदस्यहरूको मनोनयन कम्तीमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले गर्ने, मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुने, कुनै मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको भनी परिषद्ले निर्णय गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत हटाउन सक्ने, तर पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मौका दिनुपर्ने व्यवस्था रहेको छ ।

**राष्ट्रिय युवा परिषद् ऐन, २०७२ दफा ६ अनुसार परिषद्को काम, कर्तव्य र अधिकार निम्नानुसार रहेका छन्:**

१. युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,
२. नेपाल सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,
३. परिषद्सँग आबद्धता प्राप्त गर्ने सङ्घ-संस्थाहरूले पालना गर्नुपर्ने सर्तहरू निर्धारण गर्ने,
४. विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकका रूपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

५. युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा मुलुक निर्माणमा केन्द्रित भई अघि बढ्न उत्प्रेरित गर्ने,
६. परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,
७. युवा विकास, सशक्तीकरण एवम् मूलप्रवाहीकरण सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाव दिने,
८. परिषद्का लागि आवश्यक कर्मचारीको दरबन्दी सङ्ख्या निर्धारण गर्ने,
९. तोकिए बमोजिमका काम गर्ने, गराउने ।

दफा ७ मा परिषद्को बैठक र निर्णयको व्यवस्था रहेको छ, जस अनुसार परिषद्को बै०ठक आवश्यकता अनुसार बस्ने, तर दुई बैठक बीचको अन्तर सामान्यतया तीन महिना भन्दा बढी हुनु नहुने, बैठक अध्यक्षको निर्देशनमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने, बैठक हुनुभन्दा कम्तीमा अठ्चालीस घन्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सदस्यहरूलाई दिने, परिषद्मा तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिने व्यवस्था रहेको छ । त्यस्तै परिषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्ने, बैठकमा बहुमतको राय मान्य हुने, मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने, परिषद्को बैठकको निर्णय उपाध्यक्षले प्रमाणित गरी राख्ने, परिषद्ले आवश्यक ठानेमा परिषद्को कामसँग सम्बन्धित कुनै विशेषज्ञ वा पदाधिकारीलाई बैठकमा पर्यवेक्षकका रूपमा भाग लिन आमन्त्रण गर्न सक्ने र परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुने व्यवस्था रहेको छ ।


### ३.निकायमा रहने पदाधिकारी,कर्मचारी सङ्ख्या र कार्यविबरणः

| क्र. सं | नाम/थर | पद | सम्पर्क नं |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | | कार्यकारी उपाध्यक्ष | |
| २ | गेहनाथ गौतम | प्रशासकीय प्रमुख | ९८४१३१४५७९ |
| ३ | चन्द्रा थापा | उपसचिव | ९८४१३५८८३९ |
| ४ | कर्ण बहादुर कवर | उपसचिव | ९८५७८२२०१२ |
| ५ | नवराज निरौला | उपसचिव | ९८४१८८३०४० |
| ६ | तारापति खरेल | उपसचिव | ९८४५४७१८५२ |
| ७ | विश्वास रोका मगर | उपसचिव | ९८६१९९९३०१ |
| ८ | रमेश कुमार भट्टराई | शाखा अधिकृत | ९८४२६५३४३४ |
| ९ | यद्धुबिक्रम थापा | शाखा अधिकृत | ९८४४२१६८५४ |
| १० | बाल कुमार श्रेष्ठ | शाखा अधिकृत | ९८४१४७९९१८ |
| ११ | कल्पना खनाल बस्नेत | शाखा अधिकृत | ९८४१६०६२३१ |
| १२ | रमिला मैनाली | लेखा अधिकृत | ९८४३१८१६५५ |
| १३ | मान बहादुर कार्की | शाखा अधिकृत | ९८६३४६५५५६ |
| १४ | रामु ज्ञवाली | शाखा अधिकृत | ९७४५३०८८५५ |
| १५ | मेघराज गौतम | शाखा अधिकृत | ९८६००९०५२३ |
| १६ | चन्द्रावती कोईराला | नायब सुब्बा | ९८४९२२०२७८ |
| १७ | रमेश प्रसाद जोशी | प्राविधिक सहायक | ९८४८९००७७० |
| १८ | भगवती रेग्मी | लेखापाल | ९८४१६४६५३६ |
| १९ | उर्मिला कार्की | नायब सुब्बा | ९८४३०९०१७७ |
| २० | रानी कुमारी मल्लिक | प्राविधिक सहायक | ९८४१५३९७४१ |
| २१ | अप्सरा कोइराला | कम्प्युटर अपरेटर | ९८४९३५३२६२ |

| | | | |
|---|---|---|---|
| २२ | मिरा काफ्ले | कम्प्युटर अपरेटर | ९८४३६३९४०७ |
| २३ | राजेश मैनाली | कम्प्युटर अपरेटर | ९८५११९९११८ |
| २४ | गोकुल भुजेल | सवारी चालक | ९८४१४८२४२७ |
| २५ | नरेश महर्जन | सवारी चालक | ९८६०४९८०८८ |
| २६ | सारीता कार्की | कार्यालय सहयोगी | ९८४९८१६९२१ |
| २७ | लक्ष्मी राई | कार्यालय सहयोगी | ९८४१७०३३२४ |
| २८ | तृष्णा स्याङतान (लामा) | कार्यालय सहयोगी | ९८५८०७९००४ |
| २९ | प्रेम कुमारी खत्री | कार्यालय सहयोगी | ९८४७९१०००५ |

# परिषद्को सङ्गठन संरचना



## परिषद्को स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण

| क्र. सं. | पद नाम | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरबन्दी | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | दरबन्दी | पदपूर्ति | रिक्त |
| १ | सहसचिव | रा.प.प्रथम | शिक्षा | शिक्षा प्रशासन | १ | १ | |
| २ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ | - | १ |
| ३ | उपसचिव | रा.प.द्वितीय | शिक्षा | शिक्षा प्रशासन | ५ | ५ | |
| ४ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | ४ | ४ | |
| ५ | शाखा अधिकृत | रा.प.तृतीय | शिक्षा | शिक्षा प्रशासन | ३ | ३ | |
| ६ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | |
| ७ | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| ८ | प्राविधिक सहायक | रा.प.अनं. प्रथम | शिक्षा | शिक्षा प्रशासन | २ | २ | |
| ९ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | १ | |
| १० | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | | ४ | ३ | १ |
| ११ | हलुका सवारी चालक | श्रेणीविहीन | | | २ | २ | |
| १२ | कार्यालय सहयोगी | श्रेणीविहीन | | | ४ | ४ | |
| | **जम्मा :** | | | | **३०** | **२८** | २ |

**परिषद्को केन्द्रीय कार्यालयको शाखागत कार्य विवरणः**

परिषद्ले आफ्नो काम, कर्तव्य र अधिकारको कार्य सम्पादन गर्न निम्नानुसारको अधिकार प्रत्यायोजन गरी शाखागत रूपमा कार्य विवरण तोकेको छः

**क. योजना तथा वैदेशिक समन्वय शाखा**

१. वार्षिक योजना तथा कार्यक्रमहरू तर्जुमा गर्ने,

२. युवा विकास सम्बन्धी वार्षिक कार्यक्रमहरू तयार गर्ने,

३. युवा विकास सम्बन्धी आवधिक (अल्पकालीन, मध्यकालीन र दीर्घकालीन) योजनाहरू तयार गर्ने,

४. जिल्ला र क्षेत्रस्तरीय कार्यक्रमहरूको तर्जुमा गर्ने,

५. अन्तर्गतका निकाय तथा सम्बन्धित संस्थाबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम रूप दिई राष्ट्रिय र प्रादेशिक योजनामा समाहित गर्न मन्त्रालय मार्फत राष्ट्रिय योजना आयोगमा सिफारिस सहित पठाउने,

६. वैदेशिक सहयोगका सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालयका साथै अन्य मन्त्रालय, आयोग, सचिवालय र विकास साझेदारहरूसँग समन्वय र सम्बन्ध विस्तार गर्न आवश्यक कार्य गर्ने,

७. युवा विकास सम्बन्धी अन्तर्राष्ट्रिय अध्ययन र गोष्ठी, सेमिनार तथा सम्मेलन सम्बन्धी कार्य गर्ने गराउने,

८. परिषद्को युवा विकासका लागि वैदेशिक सहयोग सम्बन्धी अन्तरशाखा समन्वयकारी कार्य गर्ने,

९. युवा विकास र परिचालनका लागि अन्तर्राष्ट्रिय सम्झौता सम्बन्धी कार्य गर्ने,

१०. परिषद्को जनशक्ति विकास सम्बन्धी कार्यक्रमका लागि वैदेशिक सहयोगको परिचालन गर्न पहल गर्ने,

११. युवाको विकास र विस्तारका लागि वैदेशिक सहयोग सम्भाव्यता र आवश्यकताको क्षेत्र पहिचान गर्ने,

१२. युवाको विकास र विस्तारका लागि वैदेशिक सहयोग गर्ने विभिन्न वैदेशिक दातृ निकायहरूबिचको सम्बन्ध सम्बन्धी कार्य गर्ने,

१३. परिषद्को मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,

१४. आफ्नो शाखासँग सम्बन्धित कामहरू एवम् अन्य निर्देशित कार्यहरू सम्पादन गर्ने ,

१५. अन्य तोकिएका कार्यहरू सम्पादन गर्ने ।

**ख. प्रशासन, अनुगमन, मूल्याङ्कन तथा आन्तरिक व्यवस्थापन शाखा**

१. कर्मचारीको नियुक्ति, कार्यसम्पादन मूल्याङ्कन, हाजिरी, बिदा, बढुवा, पुरस्कार, दण्ड, निवृत्तिभरण, अवकाश, उपदान, काज र सरुवा जस्ता कार्य गर्ने,

२. कर्मचारीको अभिलेख सम्बन्धी कार्यहरू गर्ने,

३. सङ्गठन संरचना, दरबन्दी हेरफेर र कर्मचारी प्रशासन सम्बन्धी अन्य कार्यहरू गर्ने,

४. अन्य मन्त्रालय/निकायका कर्मचारी प्रशासनसँग समन्वय र पत्राचार गर्ने कार्यहरू गर्ने,

५. निजामती सेवा पुरस्कार तथा पदहरूको सिफारिस, उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने सम्बन्धी कार्यहरू गर्ने,

६. कार्यालयका विभिन्न पदाधिकारी एवम् कर्मचारीहरूको जिम्मेवारी तोक्ने एवम् हेरफेर गर्ने कार्यहरू गर्ने,

७. कार्यालयको विद्युतीय हाजिरी सम्बन्धी कार्यहरू गर्ने,

८. स्वदेशी तथा विदेशी तालिम, छात्रवृत्ति, अध्ययन आदिको मनोनयन र सोसँग सम्बन्धित कार्यहरू गर्ने,

९. परिषद्को जिन्सी सम्पत्ति र सरसामानहरूको सुरक्षा व्यवस्था मिलाउने,

१०. खरिद योजनाको निर्माण गर्ने र खरिद सम्बन्धी कार्य गर्ने ।

**ग. सामाजिक सङ्घ-संस्था समन्वय शाखा**

१. राष्ट्रिय युवा परिषद्सँग आबद्ध हुन चाहने सङ्घ-संस्थाहरूलाई आबद्धता प्रदान गर्नेसम्बन्धी आवेदनहरू सङ्कलन गरी प्रशासकीय प्रमुखसमक्ष पेस गर्ने,

२. राष्ट्रिय युवा परिषद्बाट आबद्धता लिएका सङ्घ-संस्थाहरूको आबद्धता नवीकरण सम्बन्धी विवरण अद्यावधिक गरी राख्ने,
३. राष्ट्रिय युवा परिषद्बाट आबद्धता लिएका सङ्घ-संस्थाहरूले पेस गरेका प्रतिवेदनहरू प्रशासकीय प्रमुख समक्ष पेस गर्ने,
४. युवा क्षेत्रसँग सम्बन्धित काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूको समष्टिगत तथा विषयगत प्रोफाइल तयार गर्ने,
५. शाखासँग सम्बन्धित कार्यक्रमहरूको कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने,
६. स्वीकृत कार्यक्रमको कार्यान्वयन योजना तथा अनुगमन योजना तयार गर्ने,
७. युवा क्षेत्रसँग सम्बन्धित काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूबाट वार्षिक प्रतिवेदन सङ्कलन गर्ने गराउने,
८. शाखासँग सम्बन्धित कामहरूको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने,
९. युवा क्षेत्रसँग सम्बन्धित काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरूले आयोजना गर्ने तालिम, कार्यशाला, भ्रमण तथा अन्य कार्यक्रमहरूमा कार्यालय प्रमुखको आदेशानुसार सहभागी हुने,
१०. जिल्ला युवा समिति र स्थानीय सङ्घ-संस्थाबिच समन्वय र सहकार्य सम्बन्धी भएका कार्यहरूको अभिलेख व्यवस्थित गरी राख्ने,
११. सालबसाली रूपमा स्वीकृत कार्यक्रमहरूमध्ये आफ्नो शाखासँग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने,
१२. शाखासँग सम्बन्धित परिपत्रहरू व्यवस्थित रूपमा राख्ने र कार्यान्वयन गर्ने,
१३. शाखासँग सम्बन्धित कामहरू एवम् प्रशासकीय प्रमुखबाट निर्देशित अन्य कार्यहरू गर्ने गराउने ।

**घ. सूचना प्रविधि शाखा**

१. राष्ट्रिय युवा परिषद्‌को वेबसाइट, नोटिसबोर्ड सेवा तथा आधिकारिक सामाजिक सञ्जाल विकास तथा अद्यावधिक गर्ने गराउने,

२. नागरिक बडापत्रको व्यवस्था गरी कार्यालयबाट सम्पादन गरिने कार्यहरूका बारेमा सेवाग्राहीहरूलाई सहज ढङ्गले सूचना उपलब्ध गराउने र आफ्नो शाखाबाट सम्पादन गरिने कामहरू समयमा नै सम्पादन गर्ने गराउने,

३. युवा सूचना केन्द्र तथा अन्य निकायहरूबाट सञ्चालित कार्यक्रमलाई एकीकृत सूचना प्रणालीमा आबद्ध गर्ने गराउने,

४. विभिन्न निकायहरूबाट सञ्चालित युवा सम्बन्धी कार्यक्रमहरूका तथ्याङ्कहरू प्राप्त गरी अद्यावधिक गर्ने गराउने,

५. प्राप्त सूचनाहरू परिमार्जन तथा प्रशोधन गरी ती सूचनाहरूमा युवाहरूको सहज पहुँच पुग्ने व्यवस्था मिलाउने,

६. युवा सम्बन्धी लेख, रचना सङ्कलन, प्रकाशन तथा सन्देशमूलक प्रचार-प्रसार सामग्री उत्पादन गरी विभिन्न सञ्चार माध्यमहरूद्वारा प्रचार-प्रसार गर्ने गराउने,

७. युवा सूचना केन्द्र तथा विभिन्न निकायका सूचना केन्द्रहरूबिच सामञ्जस्यता कायम गर्न पहल गर्ने,

८. राष्ट्रिय युवा परिषद् अन्तर्गतका युवा सूचना केन्द्रहरूका लागि तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

९. जिल्ला युवा कार्यालयहरूबाट युवा उपयोगी सूचनाको सङ्कलन, प्रवाह र सम्प्रेषण सम्बन्धी कार्यहरू गर्ने,

१०. सूचना तथा तथ्याङ्कहरू एकीकृत तथा विकास गर्नका लागि आवश्यक ढाँचाहरूको विकास गर्न अध्ययन अनुसन्धान गर्ने गराउने,

११. शाखाको मासिक,चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने,

१२. परिषद्को क्षमता विकासका लागि आवश्यक सफ्टवेयरहरू निर्माण गर्ने गराउने,
१३. परिषद्, युवा सूचना केन्द्र र अन्य सूचना प्रदायक निकायहरूबिच सञ्जाल निर्माण गर्ने,
१४. परिषद्लाई सूचनामैत्री, आधुनिक डिजिटाइज्ड कार्यालयको रूपमा विकास गर्न प्रयास गर्ने तथा कार्यालय परिसर सूचनामूलक र सेवाग्राहीमैत्री बनाउने
१५. सञ्चार क्षेत्रसँग आवश्यक समन्वय गर्ने र परिषद्ले सम्पादन गरेका महत्त्वपूर्ण, युवामैत्री र जनसरोकारका विषयहरूलाई सञ्चार माध्यमबाट सम्प्रेषण/सूचना प्रवाह गर्ने,
१६. परिषद्को सूचना अधिकारीको रूपमा कार्य गर्ने,
१७. शाखासँग सम्बन्धित कार्यहरू तथा अन्य निर्देशित कार्यहरू तोकिएको समयभित्र सम्पादन गर्ने,
१८. शाखामा निर्माण भएका सबै सूचना तथा अभिलेखहरूलाई सुरक्षित रूपमा राख्ने ।

**ङ. युवा तालिम तथा अनुसन्धान शाखा**

१. युवाहरूको क्षमता विकास तथा सिप विकास सम्बन्धी अल्पकालीन र दीर्घकालीन तालिमको योजना निर्माण तथा कार्यान्वयन गर्ने,
२. विभिन्न संस्थाहरूबाट सञ्चालित युवालक्षित तालिमको समन्वय गर्ने,
३. विभिन्न विषयगत तालिमका विषयवस्तु (content) नमुना सामग्री, प्याकेज तथा मोड्युलहरू विकास गर्ने,
४. जिल्ला युवा समितिको कार्यालय तथा युवा सूचना केन्द्रमा कार्यरत कर्मचारीहरू तथा अन्य युवाहरूको क्षमता विकास गर्न मागमा आधारित तालिम सञ्चालन गर्ने गराउने,
५. राष्ट्रिय युवा परिषद्लगायत केन्द्रीय निकायहरूमा युवाहरूको सकारात्मक चिन्तन, क्षमता विकास तथा युवा उद्यमशीलता तर्फ आकर्षण गर्ने उत्प्रेरक तालिम निरन्तर रूपमा सञ्चालन गर्ने,

६. प्राप्त सूचनाहरू परिमार्जन तथा प्रशोधन गरी ती सूचनाहरूमा युवाहरूको सहज पहुँच पुग्ने व्यवस्था मिलाउने,
७. तालिम प्रदायक निकायहरूबिच समन्वय गरी सञ्जाल निर्माण गर्ने र समान प्रकृतिका तालिमहरू एकीकृत रूपमा सञ्चालन गर्ने वातावरण तयार गर्ने,
८. युवा सूचना केन्द्र तथा विभिन्न निकायका सूचना केन्द्रहरूबिच समाञ्जस्यता कायम गर्न पहल गर्ने,
९. राष्ट्रिय युवा परिषद् अन्तर्गतका युवा सूचना केन्द्रहरूका लागि तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, युवा उद्यमशीलता, क्षमता अभिवृद्धि तथा स्वरोजगार सम्बन्धी र दिगो विकास सम्बन्धी विषयमा अध्ययन अनुसन्धान गरी नीति निर्धारणमा सहयोग गर्ने,
१०. युवा सम्बन्धी अनुसन्धान तथा विकाससँग सम्बन्धित कार्यमा सहयोग र समन्वय गर्ने,
११. अनुसन्धानबाट प्राप्त निष्कर्षहरूको प्रचार-प्रसार गराउने,
१२. परिषद्को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुसन्धान कार्ययोजना तथा मूल्याङ्कन सूचकहरू तयार गरी स्वीकृतिका लागि पेस गर्ने,
१३. स्वीकृत कार्य योजना अनुसार कार्यक्रम कार्यान्वयनको आवश्यकतानुसार अनुगमन एवम् निरीक्षण गरी यस सम्बन्धी पृष्ठपोषण प्राप्त गर्ने,
१४. कार्यक्रम कार्यान्वयनमा देखा परेका बाधा अड्काउ हटाउने र समस्या समाधान गर्न सहयोग गर्ने,
१५. शाखाको मासिक,चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
१६. आफ्नो शाखासँग सम्बन्धित कामहरू एवम् अन्य निर्देशित कार्यहरू तोकिएको अवधिभित्रै सम्पादन गर्ने,
१७. शाखामा निर्माण भएका सबै सूचना तथा अभिलेखहरूलाई सुरक्षित रूपमा राख्ने ।

## च. युवा विकास तथा उद्मप्रवर्द्धन शाखा

१. युवा विकास सम्बन्धी कार्य गर्ने गराउने,

२. युवा सम्बन्धी नीति कार्यक्रम, कार्यक्रमको कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य गर्ने गराउने,
३. युवा विकास तथा उद्यम प्रवर्द्धन सम्बन्धी वार्षिक कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि पेस गर्ने,
४. स्वीकृत वार्षिक कार्यक्रमको कार्ययोजना तयार गरी गराई सोअनुरूप कार्य सम्पादन गर्ने गराउने,
५. युवा विकास तथा अन्य सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन पेस गर्ने,
६. शाखाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने र गर्न लगाउने,
७. उद्यम सञ्चालन गरेका सरकारी तथा गैरसरकारी सङ्घ-संस्थासँग समन्वय गरी उद्यम क्षेत्र पहिचान गर्ने,
८. सरकारी निकायबाट सञ्चालन भएका युवा विकास तथा उद्यमहरूको अभिलेख राख्न लगाउने,
९. युवा उद्यम समूह तथा युवासम्बद्ध सङ्घ-संस्थाहरूको सञ्जाल बनाई युवा उद्यमशीलता तथा विकासका लागि परिचालन गर्ने ।

## ४. निकायवाट प्रदान हुने सेवाहरुः

यस निकायबाट १६-४० वर्षका युवाहरूलाई देहायका सेवाहरू प्रदान गरिन्छ ।

- तालिम तथा क्षमता विकास
- युवा परिचालन सहभागिता र नेतृत्व विकास
- गुणस्तरीय व्यवसायिक शिक्षा
- रोजगारी उधमशिलता सिपविकास
- स्वास्थ्य रसामाजिक सुरक्षा
- खेलकुद र मनोरञ्जन
- उद्यमशिलता वितिय शाक्षरता तालिम प्रदान

- युवा मार्गदर्शन तथा परामर्श
- स्वयंसेवक विकास तथा परिचालन
- सञ्चार माध्यमसंग सहकार्य तथा समन्वय र प्रचारप्रसार
- युवा लक्षित फोटो भिडियो डकुमेन्टरी निमार्ण
- Start up कार्यक्रमका लगि सहुलियतपूर्ण कर्जा सहजीकरण
- नवप्रवर्तन तथा अनुसन्धान को सुविधा उपलव्ध
- लोकतन्त्र, संसदीय अभ्यास सम्वन्धी क्षमता विकास
- विभिन्न संसस्थासंग समन्वय,सहकार्य र सांझेदारी
- वित्तिय शाक्षरता सम्वन्धी तालिम
- युवा प्रतिभा खोजी र प्रोत्साहन कार्यक्रम
- E-Library को सुविधा उपलव्ध
- कम्प्यूटर ल्यावको उपलव्धता
- यूवा उद्यम विकास कार्यक्रम ।

राष्ट्रिय युवा परिषद् अन्तर्गत ११ वटा सञ्जालहरु गठन भई देहाय अनुसार रहेकाछन ।

| क्रसं. | सञ्जालको नाम | व्यक्तिको नाम | पद | सम्पर्क नं | गठन मिति | म्याद समाप्त हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | उद्यमी युवा सञ्जाल | शुशील पराजुली | अध्यक्ष | ९८५१०९७३१५ | २०८२१६/२/ | २०८४।२।१५ |
| २ | पर्यटन क्षेत्रमा काम गर्ने युवा पथप्रदर्शक सञ्जाल | अनुप सुवेदी | अध्यक्ष | ९८४१३०८७२० | २०८२६/२/ | २०८४।२।५ |
| ३ | स्थानीय प्रदेश/र संघीय युवा क्लवमा आवद्ध युवा सञ्जाल | आयुष श्रेष्ठ | अध्यक्ष | ९७४१७६५४८९ | २०८२२८/१/ | २०८४।१।२७ |
| ४ | लैंगिक तथा यौनिक अल्पसंख्यक समूहका युवा (LGBTIQ) सञ्जाल | भक्ति शाह | अध्यक्ष | ९८४१३५३९६० | २०८१ १०/ ६/ | २०८३।१०।५ |
| ५ | राष्ट्रिय युवा परिषदसंग आवद्ध सामाजिक संघसंस्थाहरूमा काम गर्ने युवा सञ्जाल | नारायण गिरी | अध्यक्ष | ९८५११२३०४८ | २०८११/०९/ ८ | २०८३।९।१७ |
| ६ | शहिद तथा वेपत्ता परिवार योद्धा युवा सञ्जाल | आरती शर्मा | अध्यक्ष | ९८५१२२६३५१ | २०८१/१ /२४ | २०८३।०१।२ ३ |
| ७ | स्वास्थ्यकर्मी युवा सञ्जाल | अस्मीता पाठक | अध्यक्ष | ९८६५९९५५६३ | २०८२२५/१/ | २०८४।२।२४ |
| ८ | कला साहित्य क्षेत्रमा काम/गर्ने युवा सञ्जाल | रामप्रसाद अवस्थी | अध्यक्ष | ९८५११९२६३९ | २०८११/०९/ ८ | २०८३।९।१७ |
| ९ | परम्परागत सीपमा आधारित युवा सञ्जाल | राज कार्की | अध्यक्ष | ९८५१०५४७१४ | २०८२।२।१६ | २०८४।२।१५ |
| १० | वैकल्पिक हेरचाहमा हुर्कीएका युवा सञ्जाल | विनायक मानन्धर | अध्यक्ष | ९८४१०५५५६५ | २०८००/१०/ ९ | २०८२।१०।८ |
| ११ | घरेलु श्रमिक महिला युवा सञ्जाल | गोमा भण्डारी | अध्यक्ष | ९८४३३०५६६० | २०८२।१।२६ | २०८४।२।२५ |

राष्ट्रिय युवा परिषद् अन्तर्गत ११ वटा सञ्जालहरु गठन भई देहाय अनुसार रहेकाछन:

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर

## नागरिक बडापत्र (Citizen Charter)

| क्र. सं. | सेवाको प्रकार | कार्य प्रक्रिया | लाग्ने शुल्क | समय | शाखाको नाम | कोठा नं. | गुनासो सुन्ने व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | गुनासो व्यवस्थापन | - कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित विषयमा सरोकारवालाहरूबाट लिखित वा मौखिक गुनासो राख्न सकिने । | नि:शुल्क | गुनासोको प्रकृति हेरी गुनासो प्राप्त भएको सोही दिन | प्रशासन, अनुगमन, मूल्याङ्कन तथा आन्तरिक | ६ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | व्यवस्थापन शाखा | | |
| २ | सेवा आपूर्तिका लागि सूची दर्ता | - देहायका कागजातहरू सहित निवेदन दर्ता गर्नुपर्ने ।<br>(क) संस्था वा फर्म दर्ता प्रमाणपत्र<br>(ख) नवीकरण<br>(ग) कर चुक्ता प्रमाण<br>(घ) कारोवारको प्रकृति<br>(ङ) प्रदान गर्न सकिने सेवाहरू आदि खुलाइएको हुनुपर्ने । | निःशुल्क | निरन्तर | प्रशासन, अनुगमन, मूल्याङ्कन तथा आन्तरिक व्यवस्थापन शाखा | ६ | प्रशासकीय प्रमुख (कोठा नं २) |
| ३ | संघसंस्था आवद्धता सम्बन्धी कार्य | - आवेदन संकलन, आवश्यकता अनुसार अनुगमन, प्रक्रिया पुगेका संघसंस्थाको आवद्धताको सिफारिस तथा आवद्धता प्रदान गर्ने। | रु. ३००० (पाँच वर्षका लागि) | निरन्तर | सामाजिक संघ संस्था समन्वय शाखा | १३ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |
| ४ | संघसंसस्थाको आवद्धता नवीकरण | - युवा परिषदमा आवद्ध संघसंस्थाको आवद्धताको म्याद समाप्त भएपछि नवीकरणका लागि सूचनामा तोकिएको कागजात संलग्न राखी निवेदन दिनुपर्ने । | रु. ३००० | नियमित | सामाजिक संघसंस्था समन्वय शाखा | १३ | प्रशासकीय प्रमुख (कोठा नं २ |
| ५ | उद्यमशिलता विकास तथा वित्तीय साक्षरता सम्बन्धी तालिम | • युवा उमेर समूहका आधारभूत तह उत्तीर्ण, उद्यम वा व्यवसाय गर्न इच्छुक नेपाली युवाले परिषद/स्थानीय तहको समन्वयमा वा सोझै निवेदन दिन सकिने ।<br>• निवेदन दर्ताका आधारमा क्रमशः निःशुल्क तालिम प्रदान गरिने | निःशुल्क | निवेदकको पालो आएपछि क्रमशः | युवा तालिम तथा अनुसन्धान शाखा | ११ र ८ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |
| ६ | युवा परिषदसंग आवद्ध संघसंस्थाहरू तथा अन्य निकायहरूसंग | • सो सम्बन्धी कार्यविधिमा तोकिए बमोजिमको निवेदन तथा तोकिएको ढाँचामा प्रस्तावना पत्र परिषदमा पेश गर्नुपर्ने | निःशुल्क | परिषदको सूचनामा उल्लेख भएको समय भित्र | सामाजिक संघसंस्था समन्वय शाखा | १३ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | साझेदारी कार्यक्रम | • सहकार्यका लागि छनौट भएको संस्थासंग द्विपक्षीय सम्झौता गरी साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने | | | | | |
| ७ | युवा प्रतिभाको खोजी र प्रोत्साहन कार्यक्रम | • कार्यविधि बमोजिम स्थानीय तह प्रदेश तह र संघीय तहमा तोकिएको विषय शीर्षकमा प्रतिस्पर्धा गर्न सकिने<br>• उत्कृष्ट युवा प्रतिभालाई नगद पुरस्कार सहित सम्मान गरिने । | निःशुल्क | परिषदको सूचनामा उल्लेख भएको समय भित्र स्थानीय प्रदेश र संघीय तहमा कार्यक्रम सञ्चालन हुने | योजना तथा वैदेशिक समन्वय शाखा | ४ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |
| ८ | युवा परामर्श सेवा | • युवा उमेरसमूहका व्यक्तिले चाहेको विषयमा मागमा आधारित एकदिवसीय निःशुल्क परामर्श सेवा प्रदान गरिने<br>• इच्छुक युवाले व्यक्तिगत रुपमा निवेदन दिन वा अनलाइनबाट आवेदन गर्न सकिने वा संस्थागत रुपमा सामुहिक परामर्शका लागि माग गर्न सकिने | निःशुल्क | श्रावण देखि असार सम्म | तालिम तथा अनुस्नधान शाखा | १३ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |
| ९ | युवा क्लब गठन तथा नमुना संसद अभ्यास | • युवाक्लब गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ बमोजिमको प्रक्रिया पूरा गरी स्थानीय वडाक्लबको सदस्य बन्न सकिने ।<br>• वडाक्लबको सिफारिसमा गाउँ/नगर स्तरीय युवा संसदको प्रतिनिधिका रुपमा सहभागी हुन सकिने<br>• गाउँ/नगर स्तरीय युवा संसदको सिफारिसमा प्रदेश | निःशुल्क | सम्बन्धित स्थानीय तह र केन्द्रले तोकेको समयाबधि भित्र | सूचना प्रविधि शाखा | १४ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्तरीय युवा संसद र प्रदेश स्तरीय युवा संसदको सिफारिसमा संघीय युवा संसदमा सहभागी बन्न सकिने | | | | | |
| १० | युवाहरुमा परम्परागत सीप हस्तान्तरण | • स्थानीय तह सँगको समन्वयमा कार्यक्रम सञ्चालन हुने | निःशुल्क | माग अनुसार | योजना तथा वैदेशिक समन्वय शाखा | ४ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |
| ११ | युवामैत्री स्थानीय तह विकास तथा प्रोत्साहन कार्यक्रम | युवामैत्री स्थानीय तह दिग्दर्शन बमोजिम परिषदले तय गरेको कार्यविधि अनुसार छनौट भएका स्थानीय नमूना गाउँ/नगरलाई तोकिएक बमोजिमको पुरस्कार तथा सम्मान पत्र प्रदान गरिने | निःशुल्क | परिषदले तोकेको समयाबधि भित्र | योजना तथा वैदेशिक समन्वय शाखा | ४ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |
| १२ | परिषदसँग सम्बन्धित सूचना प्रदान | • निवेदन र नागरिकताको प्रतिलिपि संलग्न राखी प्रयोजन खुलाएर पेश गर्नुपर्ने ।<br>• सूचनाको हक सम्बन्धी निवेदनको कारवाही र किनारा गर्ने आन्तरिक कार्यविधि बमोजिम सूचना उपलब्ध गराइनेछ । | पाँच पृष्ठसम्म निःशुल्क र सोभन्दा बढी भएमा प्रतिपृष्ठ रु ५ | तुरुन्त | सूचना प्रविधि शाखा | १४ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |
| १३ | अध्ययनका लागि पुस्तक उपलब्ध हुने | • पुस्तकालय सहायकसँग परिचय पत्र देखाई बढीमा तीन घण्टासम्म वाचनालयमा बसेर अध्ययन गर्न सकिनेछ | निःशुल्क | तुरुन्त | सूचना प्रविधि शाखा | १४ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |
| १४ | स्वयंसेवक विकास तथा परिचालन | • परिषद्को सुचना अनुसार आवेदन दिन सकिने | निःशुल्क | सूचना अनुसार | योजना तथा वैदेशिक समन्वय शाखा | ४ | प्रशासकीय प्रमुख (कोठा नं २ ) |
| १५ | सुचना प्रविधि तथा स्टार्टप | • परिषद्को सूचना अनुसार आवेदन दिन सकिने | निःशुल्क | सूचना अनुसार | युवा उद्यम प्रवर्धन शाखा | ११ | प्रशासकीय प्रमुख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवसाय प्रवर्धन | | | | | | (कोठा नं २ ) |
| १६ | फ्रि वाइफाइको सुविधा | • परिषदको प्राङ्गण भित्र प्रवेश गर्ने हरेक युवा तथा सरोकारवालाहरूलाई मागको आधारमा निरन्तर फ्रि वाइफाइको सुविधा उपलब्ध हुनेछ । | निःशुल्क | तुरुन्त | ,, | परिषद परिसर | प्रशासकीय प्रमुख (कोठा नं २ ) |
| १७ | युवाहरुको लागि सिपमेला तथा रोजगारमुलक सिप विकास कार्यक्रम | • माग आवेदन संकलन<br>• सहभागी छनौट<br>• सार्वजनिक ऐन नियमानुसार छनौट<br>• तालिम सञ्चालन | निःशुल्क | निरन्तर | युवा तालिम तथा अनुसन्धान शाखा | ११ र ०८ | शाखा प्रमुख |

- यस परिषदबाट प्रवाह गरिने सेवा सम्बन्धी कुनै गुनासो वा सुझाव भएमा परिषदका कार्यकारी उपाध्यक्ष र प्रशासकीय प्रमुख समक्ष सिधै राख्न सक्नुहुनेछ (कोठा नं. १ र २) ।

**नोटः**

(१) यस परिषदसँग सम्बन्धित सामग्रीहरू परिषदको वेभसाइट **www.nyc.gov.np** बाट डाउनलोड गरी हेर्न सक्नुहुनेछ साथै अन्य जानकारी तथा गतिविधिहरू परिषदको अफिसियल युट्युव र फेसबुक पेज National Youth Council Nepal/ राष्ट्रिय युवा परिषद नेपाल हेर्न सक्नुहुनेछ ।

(२) परिषदसँग कुनै गुनासो वा सुझाव भएमा **info@nyc.gov.np** मा मेल पठाउन वा परिषदको सुझाव पेटिकामा राख्न सक्नुहुनेछ ।

(२) परिषदसँग सम्बन्धित कुनै लिखित तथा मौखिक सूचनाहरू प्राप्त गर्नका लागि सूचना अधिकारीसँग सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।

## कार्यकक्षहरूको विवरण

| | |
|---|---|
| कोठा नं, १ | कार्यकारी उपाध्यक्षको कार्यकक्ष र सचिवालय |
| कोठा नं, २ | प्रशासकीय प्रमुख कार्यकक्ष |
| कोठा नं, ३ | आर्थिक प्रशासन शाखा |
| कोठा नं, ४ | योजना तथा वैदशिक समन्वय शाखा |

| | |
|---|---|
| कोठा नं, ५.६, ७ | प्रशासन अनुगमन मूल्याँकन तथा आन्तरिक व्यवस्थापन शाखा |
| कोठा नं, ८,१५ | युवा तालिम तथा अनुसन्धान शाखा |
| कोठा नं.११ | युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा |
| कोठा नं.१३ | सामाजिक सङ्घ-संस्था समन्वय शाखा |
| कोठा नं.१४,१२ | सूचना प्रविधि शाखा |
| कोठा नं.१६ | भण्डार |
| परिषद्को कार्यालयभित्र प्रबेश गर्ने मूलढोकाको दायाँतिर | सोधपुछ कक्ष /दर्ता चलानी कक्ष |

## ५. निकायका शाखाहरू र जिम्मेवार अधिकारीः

| क्र.स. | शाखा | जिम्मेवार अधिकारी | कोठा नं. | कैफियत |
|---|---|---|---|---|
| | राष्ट्रिय युवा परिषद् | कार्यकारी उपाध्यक्ष | १ | |
| | | प्रशासकीय प्रमुख | २ | |
| १. | योजना तथा वैदेशिक समन्वय शाखा | शाखा प्रमुख<br>शाखा अधिकृत<br>नायब सुब्बा | ४ | |
| २. | प्रशासन, अनुगमन, मूल्याङ्कन तथा आन्तरिक व्यवस्थापन शाखा | शाखा प्रमुख<br>शाखा अधिकृत<br>नायब सुब्बा | ५,६,७,<br>१६ | |
| | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत<br>लेखापाल | ३ | |
| ३. | सामाजिक सङ्घ-संस्था समन्वय शाखा | शाखा प्रमुख<br>शाखा अधिकृत | १३ | |

| | | | | |
|---|---|---|---|---|
| | | नायब सुब्बा | | |
| ४. | सूचना प्रविधि शाखा | शाखा प्रमुख<br>शाखा अधिकृत | १२,१४ | |
| ५. | युवा तालिम तथा अनुसन्धान शाखा | शाखा प्रमुख<br>शाखा अधिकृत<br>प्राविधिक सहायक | ८,१५ | |
| ६. | युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा | शाखा प्रमुख<br>शाखा अधिकृत<br>प्राविधिक सहायक | ११ | |

नोटः शाखा प्रमुख र शाखा अधिकृतहरूले प्रशासकीय प्रमुखबाट अधिकार प्रत्यायोजन भए अनुसार सबै शाखाहरूको मुख्य जिम्मेवार कर्मचारीको रुपमा काम गर्ने ।

## ६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

सेवाको प्रकृति अनुसार लाग्ने छ ।विस्तृत विवरण राष्ट्रिय युवा परिषदको कार्यालयको नागरिक वडापत्रमा विस्तृत विवरण उल्लेख गरी यस कार्यालयको परिसर र वेबसाइट www.nyc.gov.np मा राखिएको छ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारः

निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

- सुशासन (व्यवस्थापन तथा सञ्चालन ) ऐन ,२०६४ तथा नियमावली २०६५,सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका २०६५, सूचनाको हक सम्वन्धी ऐन २०६४ लगायतका प्रचलित कानुन बमोजिम निर्णय गर्ने ।
- निर्णय गर्ने अधिकारी

-कार्यकारी उपाध्यक्ष

-प्रशासकीय प्रमुख

-शाखा प्रमुख र शाखा अधिकृतहरुःकार्यकारी उपाध्यक्ष र प्रशासकीय प्रमुखबाट अधिकार प्रत्योजन भए बमोजिम ।

## ८.निर्णय उपर उजुरी सुन्ने अधिकारी

- कार्यकारी उपाध्यक्ष रिक्त (कार्यकक्ष कोठा नं.१ सम्पर्क नमबरः
- प्रशासकीय प्रमुख श्री गेहनाथ गौतम (कार्यकक्ष कोठा नं. २ सम्पर्क नम्बरः ९८४१३१४५७९)
- प्रचलित कानुन बमोजिम राष्ट्रय युवा परिषदले सम्पादन गरेका कार्य सम्वन्धमा परेका उजुरी र निर्णय सुन्ने अधिकारी कार्यकारी उपाध्यक्ष र प्रशासकीय प्रमुख वा अधिकार प्रत्योजन गरी अधिकार प्राप्त अन्य पदाधिकारी ।

## ९. आ.व.२०८२।०८३ मा माघ महिना देखि चैत्रमसान्तसम्म सम्पादन गरेका कामको विवरणः

### ९.१ युवा तालिम तथा अनुसन्धान शाखा

**यस शाखाबाट सम्पादन भएका कार्यक्रमहरुः**

**(क) सिपमेला तथा रोजगारमुलक सीप विकास कार्यक्रमः**

- तालिम सञ्चालनका लागि सार्वजनिक खरिद ऐन नियम अनुसार बोलबत्र आह्यवान,
- बोलपत्रको मूल्यांकन तथा डेटा विश्लेशन जस्था कार्य सञ्चालन भइरहेको छ,
- तालिम प्रदायक संस्थाहरुको संक्षिप्त सूची प्रकाशन,
- तालिममा सहभागीहरुको छनौट कार्य भइरहेको,
- सिपमेला तयारी कार्य भइरहेको ।

## ९.२ युवा विकास तथा उद्यम प्रवर्धन शाखा:

**यस शाखाबाट सम्पादन भएका कार्यक्रमहरुः**

१. कोशी प्रदेशको विराटनगरमा मिति २०८२।१०।०५ गते उद्योग संगठन मोरङको सभाहल, तिनपैनी, विराटनगरमा ४६ जनाको उपस्थितिमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीको पूर्वतयारी कार्यक्रम सञ्चालन गरिएको।

२. मिति २०८२।१०।२८ गते गण्डकी प्रदेशको पोखरामा होटल ताजमहल प्रस्याङमा गण्डकी प्रदेशका प्रमुख सचिवको प्रमुख आथित्यमा २५० जनाको उपस्थितीमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी कार्यक्रम सञ्चालन।

३. मधेश प्रदेशको विरगञ्जमा मिति २०८२।११।१० गते विरगञ्ज उद्योग वाणिज्य संघ, विरगञ्जको सभाहलमा ४६ जनाको उपस्थितिमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीको पूर्वतयारी कार्यक्रम सञ्चालन गरिएको।

४. बागमती प्रदेशको हेटौडामा मिति २०८२।१२।०१ गते हेटौडा स्कुल अफ म्येनेजमेन्ट एण्ड सोसियल साइन्सेस हेटौडाको सभाहलमा ४८ जनाको

उपस्थितिमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीको पूर्वतयारी कार्यक्रम सञ्चालन गरिएको।

५. सुदुरपश्चिम प्रदेशको धनगढीमा मिति २०८२।१२।०६ गते कैलाली उद्योग वाणिज्य संघको को सभाहलमा ४५ जनाको उपस्थितिमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीको पूर्वतयारी कार्यक्रम सञ्चालन गरिएको।

६. कर्णाली प्रदेशको विरेन्द्रनगरमा मिति २०८२।१२।०८ गते सुर्खेत उद्योग वाणिज्य संघको सभाहलमा ४५ जनाको उपस्थितिमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीको पूर्वतयारी कार्यक्रम सञ्चालन गरिएको।

७. लुम्बिनी प्रदेशको बुटवलमा २०८२।१२।२२ गते बुटवल उद्योग वाणिज्य संघको सभाहलमा ५२ जनाको उपस्थितिमा युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीको पूर्वतयारी कार्यक्रम सञ्चालन गरिएको।

## ९.३ सूचना प्रविधि शाखाः

**सूचना प्रविधि शाखाबाट सम्पादन भएका कार्यक्रमहरुः**

- परिषद्को वेबसाइट अपडेटिङ्ग तथा रिडिजाइनिङ्ग गरिएको,
- स्वत प्रकाशन गरिएको,

- युवा विकासका लागि सञ्चारमाध्यमसँगको समन्वय र सहकार्य कार्यक्रम अन्तर्गत सिएनएनसंग युवाहरुका मह्यत्वपूर्ण गतिविधि उत्पादन र प्रशारणको लागि सम्झौता गरी १५ मिनेटका ५ वटा इपिसोड कार्यक्रम उत्पादन र प्रशारण गरिएको,

- भिडियो डकुमेन्ट्री निमार्णका लागि सार्वजनिक प्रशारण सेवा नेपालसंग सम्झौता गरी कार्य गरिरहेको छ,
- जिवनोपयोगी सिप विकासका लागि डिजिटल साक्षरता र साइवर सुरक्षा जागरण कार्यक्रमको विषय विज्ञसंग छलफल गरी १ दने अभिमुखिकरण कार्यक्रमका लागि विषयबस्तु निर्धारण गरिएको,
- संयुक्त राष्ट्र संघीय नमुना महासभा अभ्यासका लागि प्रतिनिधि छनौट तथा कार्यक्रम व्यवस्थापन समिति गठन भई कार्य सञ्चालन गरिरहेको,
- संयुक्त राष्ट्र संघीय नमुना महासभा अभ्यासका लागि प्रतिनिधि तथा संस्था छनौटका लागि सूचना आह्वान गरेको,
- नागरिक वडा पत्रको परिमार्जन गरी राखिएको ।

## ९.४ सामाजिक संघ सस्था तथा समन्वय शाखा :

**यस शाखाबाट सम्पादन भएका कार्यक्रमहरुः**

१.२०८२ साल फागुन १९ गते राष्ट्रिय युवा परिषद्को स्थापना दिवसको अवसरमा सप्ताहाव्यापी रुपमा स्थापना दिवस मनाउने क्रममा राष्ट्रिय युवा परिषद्को आयोजनामा २०८२ साल फागुन १३ गते राष्ट्रिय युवा परिषद्को प्राङ्गणमा सञ्चालन हुनगइरहेको राष्ट्रव्यापी चित्रकला प्रतियोगितामा मिति २०८२।१०।२० को सूचना अनुसार **Google Form** मार्फत आवेदन गर्ने १६ देखि २४ वर्ष उमेर समूहका १८ जना प्रतियोगीहरू मिति २०८२ साल फागुन १३ गते विहान ०८:०० बजे परिषद्को कार्यालय, सानोठिमी भक्तपुरमा प्रतियोगिताका लागि उपस्थित भई चित्रकला तयार गरी तोकियका मूल्याँकनकर्ताबाट मूल्याँकन भई राष्ट्रिय युवा परिष्द्को स्थापना दिवशका अवसरमा समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा" शिर्षकमा आयोजित राष्ट्रव्यापी चित्रकला प्रतियोगिताको नतिजा देहाय अनुसार

प्रकाशित गरिएको थियो ।उक्त कार्यक्रममा नगद पुरस्कार र प्रमाण पत्र प्रदान गरिएको थियो ।

सहभागी संख्य १४

तोयराम विष्ट- प्रथम स्थान

कर्मा टाँसी गुरुङ- द्वितीय स्थान

शोभना खड्गी - तृतीय स्थान

समी शर्मा- सान्त्वना

पुरस्कार रकम

१.प्रथम १५०००

२.द्वितीय १२०००

३.तृतीय १००००

४.सान्तवना ५०००

२.२०८२।१२।२९ गते राष्ट्रिय युवा परिषद् र राष्ट्रिय युवा परिषद्द्वार गठित पर्यटनक्षेत्रमा काम गर्ने युवा पथप्रदर्सक सञ्जालको आयोजनामा खाँदबारी नगरपालिकाको संखुवासभामा पर्यटनसम्बन्धी ज्ञान, व्यवहार र सीप अभिबृद्धि कार्यक्रम सम्पन्न भयो।उक्त कार्यक्रममा संखुवासभा तथा अन्य विभिन्न जिल्लाहरुका ६६ जना युवाहरूको सहभागीता रहेको थियो ।

## ९.५ प्रशासन अनुगमन तथा मूल्याङ्कन शाखा:

- सेवा प्रवाह सुधार योजना तयार गरी युवा तथा खेलकुद मन्त्रालय पठाइएको,
- परिषद्का सम्पूर्ण पदहरुको कार्यविवरणमा आधारित कार्यसम्पादन सूचक तयार गरिएको,
- शून्य बाँकी फाइल सप्ताह सफलतापूर्ण सम्पन्न गरियो,

- विभिन्न समय कार्यालयको कार्यसम्पादन सम्बन्धमा कर्मचारी बैठक तथा छलफल ।

## ९.६ योजना तथा बैदेशिक समन्वय शाखाः

- ❖ विभिन्न संघ सस्थाहरूसँग समन्वय बैठक
- ❖ प्रदेश रस्थानीय तहमा युवा परिषद् गठनका लागि सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया ।
- खाद्य सुरक्षामा युवाको भुमिका विषयमा राजविराज नगरपालिकामा ७० जना युवाको सहभागितामा प्यानल छलफलको आयोजना ।
- युवा मैत्री स्थानीय तह स्वमुल्याङ्कन सुचकको परीक्षण कार्यक्रम अन्तर्गत कमल गाउँपालिका झापा, सुन्दर हरैचा नगरपालिका मोरङ् र इनरुवा नगरपालिका सुनसरीमा स्थलगत रुपमा परीक्षण गरिएको ।
- युएनडिपिको सहयोग र जलवायु र वातावरको क्षेत्रमा कार्यरत युवा सञ्जादको समन्वयमा जलवायु शासनमा युवा सहभागिता प्रवर्धन गर्न युवाकालागि जलबायु शासन सम्बन्धी जानकारी पुस्तिका विकास गरिएको ।
- ब्रिटिस काउन्सिल सँगको समन्वयमा युथ भिजन २०२५ को रणनीतिक समीक्षा गरी उक्त समीक्षाको सार्वजनीकीकरण गरिएको ।

## १०. कार्यालय प्रमुख र सूचना अधिकारीः

- ✓ कार्यालय प्रमुखः प्रशासकीप प्रमुख श्री गेहनाथ गौतम कोठा नं २ सम्पर्क नम्बरः ९८४१३१४५७९ mail address:geha.gautam@gmail.com



- ✓ सूचना अधिकारीः उपसचिव श्री विश्वास रोकामगर कोठा नं.१४ सम्पर्क नम्बरः९८६१९९९३०१ mail address: biwash60@gmail.com



**१० ऐन, नियम, विनियम वा निर्देशिकाको विवरणः**

- राष्ट्रिय युवा परिषद् ऐन, २०७२
- राष्ट्रिय युवा परिषद् नियमावली, २०७३
- युथ भिजन, २०२५
- राष्ट्रिय युवा नीति, २०८२
- आ.ब. २०८२/८३ नेपाल सरकारको नीति तथा कार्यक्रम
- आ.ब. २०८२/८३ नेपाल सरकारको बजेट तथा कार्यक्रम
- युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७
- युवा सुचना केन्द्र निर्देशिका,२०७३

- युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ (पहिलो संसोधन २०७४)
- शैक्षिक प्रमाणपत्रका आधारमा उद्यमका लागि ऋण कार्यक्रम सम्बन्धी निर्देशिका,२०७५
- एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि,२०७६
- एक शिक्षण संस्था एक उद्धम कार्यान्वयन कार्यढाँचा,२०७८
- उद्यमशिलता तथा वित्तीय साक्षरता तालिम सञ्चाझलन कार्यढाँचा,२०७८
- सूचनाको हक सम्बन्धी आन्तरिक कार्यविधि,२०७३
- सहुलियतपूर्ण कर्जा कार्यविधि,२०७५ (तेस्रो संशोधन सहित)
- राष्ट्रिय युवा परिषदको आन्तरिक कार्यविधि,२०७३
- Approve youth Inovation process, 2078
- युवा मैत्री स्थानिय तह दिग्दर्शन, २०८०
- युवा प्रतिभाहरूको खोजी र प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यप्रक्रिया, २०७८
- स्टार्टअप फन्डका लागि मापदण्ड,२०७७
- युवा उद्यमशीलता प्रवर्धन सम्मेलन साझेदारी कार्यक्रम सम्बन्धी मार्गदर्शन, २०८१
- प्रतिभावान युवाहरूको लागि फेलोसिप कार्यक्रम सञ्चालन मार्गदर्शन,२०८१
- युवा नवप्रवर्तन तथा इन्क्युवेशन कार्यक्रम सञ्चालन मार्गदर्शन,२०८१
- युवाहरूकालागि रोजगारमुलक सीप विकास कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१
- आन्तरिक नियन्त्रण प्रणाली,२०८२
- सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ तथा नियमावली, २०७७
- निजामति ऐन २०४९ र निजामति सेवा नियमावली,२०५०
- सूचनाको हक सम्वन्धी ऐन २०६५ तथा नियमावली,२०६५
- भ्रष्टाचार निवारण ऐन,२०५९
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,२०६४ तथा नियमावली,२०६५
- भ्रमण खर्च नियमावली,२०६४
- युवा मैत्री स्थानिय तह प्रोत्साहन कार्यविधि,२०७६
- युवा परामर्श सेवा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७६
- युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि,२०७५ (संसोधन सहित)
- युवा सञ्जाल गठन तथा परिचालन सम्वन्धी आन्तरिक कार्यविधि,२०७६
- नेपाल सरकारबाट विभिन्न मितिमा जारी भएका अन्य ऐन,नियम,कार्यविध, मापदण्ड, निर्देशिकाहरू ।
- मिडिया र सूचना शाक्षरता अभिवृद्धि कार्यढाँचा, २०८२
- संघ संस्थाहरुको साझेदारी युवा लक्षित कार्यक्रम सञ्चालन कार्यढाँचा, २०८२
- युवा सञ्जाल गठन तथा परिचालन सम्वन्धी कार्यढाँचा, २०८२
- युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यावसाय प्रदर्शनी कार्यढाँचा,२०८२
- सूचना प्रविधि उधमी तथा स्टार्टअप व्यावसायी पुरषकार वितरण कार्यढाँचा,२०८२ ।

**१२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्वन्धी अद्यावधिक विवरणः**

- जम्मा बजेटःरु ९२७३००००।-
- हाल सम्मको जम्मा खर्चः२,२९,७९,४३१.८४।-

## १३.राष्ट्रिय युवा परिषद्को कार्यलयको वेबसाइट तथा सम्पर्क विवरणः

- वेबसाइट :www.nyc.gov.np
- इमेल ठेगाना : info@nyc.gov.np
- फोन नं. : ०१६६३५१३३
- फेशबुक पेज :National Youth Council Nepal.

## १४.सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको बिषयः

- यस आ. व. मा कुनै उजुरी प्राप्त नभएको ।

## १४.कार्यसम्पादनसंग सम्बन्धित केही तस्विरहरुः



परिषद्को स्थापना दिवसको उपलक्ष्यमा चित्रकला प्रर्दशनिमा र प्राप्त विजेतालाई पुरस्कार प्रदान ग्रदै ।



स्टार्ट अप व्यावसाय प्रदर्शनीको अभिमुखिकरण कार्यक्रम सुर्खेत




संखुवासभाको खांदवारीमा युवा सञ्जालसंग भएको कार्यक्रम




## स्टार्ट अप व्यावसायिक प्रदर्शनीको अभिमुखिकरण विराटनगर






खाध सूरक्षामा युवाको भूमिका छलफल कार्यक्रम महत्तरी